annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ८, पृष्ठ १२ | काठमाडौं, शुक्रबार २५ वैशाख २०८३ | जेष्ठ कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४६ | FRIDAY, MAY 8, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०

आवरण समाचार

## न्यायालय मनोज शर्माको काँधमा

संवैधानिक परिषद्ले परम्परा तोड्दै सर्वोच्च अदालतको रोलक्रममा चौथो नम्बरमा रहेका न्यायाधीश डा. मनोजकुमार शर्मालाई नेपालको ३३औं प्रधानन्यायाधीशका लागि सिफारिस गरेको छ। वरिष्ठतम न्यायाधीश सपना मल्ल प्रधानको सट्टा न्याय सम्पादन र विज्ञतालाई आधार मान्दै शर्माको नाम चयन गरेको हो, जसमा प्रमुख प्रतिपक्षी दल र राष्ट्रियसभा अध्यक्षले लिखित असहमति जनाएका छन्। यो सिफारिसप्रति नेपाल बार एसोसिएसन र संविधानविद्हरूले चासो र संशय व्यक्त गरेका छन्।



सुरेन्द्र काफ्ले | काठमाडौं

विस्तृत पृष्ठ २

## पोखरा विमानस्थल निर्माणमा ३ अर्ब ६२ करोड भ्रष्टाचार

### पूर्वमन्त्री कार्कीसहित १४ विरुद्ध मुद्दा दायर

अन्नपूर्ण | काठमाडौं



पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार भएको आरोप लगाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १४ जनाविरुद्ध विशेष अदालतमा अर्को मुद्दा दायर गरेको छ। अख्तियारले यसअघि पोखरा विमानस्थलमा भ्रष्टाचारसम्बन्धी दुईवटा मुद्दा दायर गरिसकेको छ। यो मुद्दासँगै विमानस्थल निर्माणमा भ्रष्टाचार प्रकरणमा जोडिने पूर्वमन्त्रीको संख्या ६ पुगेको छ।

अख्तियारले विमानस्थल निर्माणमा ३ अर्ब ६२ करोडभन्दा बढी भ्रष्टाचार भएको आरोप लगाएको छ। आयोगले कांग्रेस नेता एवं पूर्वमन्त्री कार्कीसहित दुई पूर्वसचिवलाई पनि प्रतिवादी बनाएको छ। निर्माण कम्पनीले बदमासी गरेको भन्दै कम्पनीविरुद्ध पनि मुद्दा हालिएको छ। विमानस्थल निर्माणको क्रममा ठेकेदार कम्पनीलाई गैरकानुनी रूपमा कर छुट दिएर राज्यकोषमा ३ अर्ब ६२ करोड ५ लाख २२ हजार १६० रुपैयाँ नोक्सान पुऱ्याएको अख्तियारको आरोपपत्रमा उल्लेख छ।

**मुख्य आरोप के छ ?**

नेपाल नागरिक उड्डयन प्राधिकरण र चिनियाँ ठेकेदार कम्पनी 'चाइना सीएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेड' बीच भएको मूल खरिद सम्झौता (कमर्सियल कन्ट्र्याक्ट) मा सबै कर र शुल्क ठेकेदार आफैंले तिर्नुपर्ने प्रावधान थियो। तर, कर्मचारी र ठेकेदारको मिलेमतोमा उक्त प्रावधानविपरीत कर छुट दिने गरी 'इम्प्लिमेन्टेसन एग्रिमेन्ट' तयार गरियो। यसो गर्दा ठेकेदार कम्पनीले करसहितको रकम भुक्तानी लिने तर उक्त कर राज्यलाई नतिरी 'दोहोरो लाभ' लिएको अनुसन्धानमा देखिएको अख्तियारको दाबी छ। यसबाट सरकारले ऋण स्वरूप प्राप्त गरेको सार्वजनिक सम्पत्तिको व्यापक दुरुपयोग भएको ठहर गरिएको छ।

**को-कोविरुद्ध मुद्दा दायर भयो ?**

अख्तियारले पूर्वअर्थमन्त्री कार्कीलाई मुख्य कसुरदार बनाउँदै ३ अर्ब ६२ करोड ५ लाख २२ हजार १ सय ६० रुपैयाँ बिगोबमोजिम जरिवाना र १७ वर्षसम्म कैद सजाय मागदाबी गरेको छ। तत्कालीन अर्थसचिव शंकरप्रसाद अधिकारी र पर्यटन सचिव महेश्वर न्यौपानेविरुद्ध पनि सोही बराबरको बिगो र १७ वर्ष कैद सजाय माग गरिएको छ।

त्यसैगरी, तत्कालीन सहसचिवहरू केवलप्रसाद भण्डारी, सुरेश आचार्य र डण्डुराज घिमिरेलाई प्रतिवादी बनाइएको छ। उनीहरूपछि सचिवसमेत भइसकेका व्यक्ति हुन्। उनीहरूविरुद्ध पनि ३ अर्ब ६२ करोड ५ लाख २२ हजार १ सय ६० बिगो र १७ वर्ष कैदको मागदाबी छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक सञ्जीव गौतमविरुद्ध पनि सोही बराबरको सजाय माग गरिएको छ। तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारी, योगेश अर्याल, युगराज पाण्डे र उर्मिला भण्डारीविरुद्ध बिगो र १४ वर्षसम्म कैद सजायको माग गरिएको छ। प्रदीप अधिकारी प्राधिकरणका महानिर्देशक भइसकेका व्यक्ति हुन् र हाल उनी अख्तियारकै थुनामा छन्।

निर्माण कम्पनी चाइना सीएएमसी इन्जिनियरिङका अध्यक्ष वाङ बो र प्रोजेक्ट म्यानेजर याङ झिगाङ सहितलाई मुख्य कसुरदार सरह नै सजाय गर्न माग गरिएको छ।

» बाँकी पृष्ठ ५




## कीर्तिपुरको मुख्य चोकमा दिउँसै मारिए युवक

अजवी पौड्याल | काठमाडौं

गुल्मीको धुर्कोट घर भई हाल कीर्तिपुर बस्दै आएका २२ वर्षीय विपिन घिमिरे आफ्नै साथीबाट मारिएका छन्। उनलाई बुधबार दिउँसो २:२० बजे कीर्तिपुर-१०, पोडेटोलमा बोलाएर केही व्यक्तिहरूले खुकुरी प्रहार गरेका थिए। दिउँसो साढे २ बजे त्यहाँ पुगेका थिए। कीर्तिपुर गुम्बाभन्दा केही माथि मानिसहरूको भीडभाड हुने स्थानमै युवकको हत्या भएपछि उपत्यकाको सुरक्षा संवेदनशीलतामाथि पनि प्रश्न उठेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता पवनकुमार भट्टराईका अनुसार घिमिरेमाथि धारिलो हतियार प्रहार गरी हत्या गरिएको घटनामा संलग्न रहेको आरोपमा तीन जनालाई पक्राउ गरिएको हो।

प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको टोलीले अछाम साँफेबगर नगरपालिका-४ घर भई हाल कीर्तिपुर-९ भाजंगल बस्ने २५ वर्षीय महेन्द्र शाह, कैलाली बर्दगोरिया गाउँपालिका-४ घर भई हाल कीर्तिपुर-१० पाँगा दोबाटो बस्ने २३ वर्षीय रवीन्द्र धामी तथा कैलाली घोडाघोडी नगरपालिका-१ घर भई हाल कीर्तिपुर-८ सिनेमा हल बस्ने २२ वर्षीय



रोशन बिष्टलाई पक्राउ गरेको हो। प्रहरीले पक्राउ परेका तीनै जनाविरुद्ध ज्यानसम्बन्धी कसुरमा काठमाडौं जिल्ला अदालतबाट ७ दिनको म्याद थप अनुमति लिई अनुसन्धान अघि बढाइएको जनाएको छ। 'उनलाई बुधबार दिउँसो पटक-पटक फोन गरेर कोही व्यक्तिले त्यहाँ बोलाएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ, हत्या गर्नेहरू विपिनका चिनेजानेकै हुन्,' उनले भने।

विपिनको घर रहेको धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेलका अनुसार घिमिरे परिवार केही वर्षअघिदेखि नै काठमाडौं बसाइँ सरेको थियो। विपिनका बुबा भारतमा काम गर्छन् भने उनी आमा र दाजुका साथ कीर्तिपुरमा बस्दै आएका थिए। पढाइमा समेत अब्बल रहेका विपिनले ऋणधन गरेर श्रीमतीलाई केही समयअघि मात्र जापान पठाएका थिए र आफू पनि जापान जाने तयारीमा थिए। उनका आमा र दाजु काठमाडौंकै निजी कम्पनीमा काम गर्छन्। विपिनको हत्याले उनको गाउँसमेत शोकाकुल बनेको छ।

विपिनलाई दिनदहाडै खुकुरी प्रहार गर्नेहरू आपराधिक पृष्ठभूमिका रहेको खुलेको छ। बुधबार ३ जना मिलेर खुकुरी प्रहार गर्दा उनको मृत्यु भएको थियो। हत्यामा संलग्नमध्ये एक जना सोमबार मात्रै प्रहरी हिरासतबाट छुटेका व्यक्ति हुन् भने अन्य पनि आपराधिक पृष्ठभूमिका छन्।

» बाँकी पृष्ठ ५